Rupantaran: A Multidisciplinary Journal
Vol. 9 : Additional Issue, PP 46-60, Dec, 2025
ISSN(Print) : 2091-0061, ISSN (Electronic): 2738-9960
**DOI**: https://doi.org/10.3126/rupantaran.v9i01.89355
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# नेपालको उच्च शिक्षामा देखिएका समस्या र समाधानका उपायहरू

**रमेशप्रसाद लुइँटेल**[१]

Email: *rluitel36@gmail.com*

## सार

अहिलेसम्मका विकास र परिवर्तन भएका छन् ती मानव मष्तिस्कका उपज हुन् । प्रविधिको विकास पनि मानिसको ज्ञानको परिणाम हो । यसले अन्य धैरै क्षेत्रलाई प्रतिस्थापन गरे पनि मानवीय सृजनालाई विस्थापित पार्न सक्दैन । ज्ञान र मानवीय सृजना शिक्षाका परिणति हुन् । उच्च शिक्षा अझ बढ्ता अन्वेशणमा आधारित हुन्छ जसले नयाँ ज्ञानको सृजना गर्छ । यस अध्ययनको मूल उद्देश्य नेपालको उच्च शिक्षाको वर्तमान अवस्था विश्लेषण गर्दै परिवर्तन विश्व र स्थानीय अवस्थानुकूलको तथ्यमा आधारित सुझावहरु प्रस्तुत गर्नुरहेको छ । यस अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । त्यस्तै तथ्य सङ्कलन द्बितीय स्रोतका सूचनामा आधारित छ। साथै सेमिनारमा प्राप्त विज्ञ र सहभागीका सुझावलाई समेत सूचनाको रुपमा उपयोग गरिएको छ । प्राप्त सूचनालाई विषयगत क्षेत्रका आधारमा समालोचनात्मक रुपले विश्लेषण गरिएको छ । वातावरणीय विनाश, प्रविधिको विकासका कारण रोजगारीका क्षेत्रमा आएको सङ्कुचन, बौद्धिक आतंकवाद, प्रमाणपत्रको स्फिति आदि विश्वव्यापी चुनौती हुन् र शिक्षाले यी चुनौतीसँग जुध्न सक्षम व्यक्ति उत्पादन गर्नुपर्छ । उच्च शिक्षामा निजीकरण हावी भएको, कमजोर स्वायत्तता रहेको, पहुँचमा समेत सामजिक रुपमा पछाडि परेको समुदायले तात्त्यिक अवसर नपाएको, अनुसन्धानको पक्ष कमजोर रहेको, विश्वस्तरका विश्वविद्यालय स्थापना गर्ने रहर भए पनि आधार तयार नभएको, सम्बन्धको जालोमा उच्च शिक्षा बल्झेको आदिलाई मूल समस्याको रुपमा

---

[१] लेखक त्रिभुवन विश्वविद्यालय, धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा शैक्षिक योजना तथा व्यवस्थापन विषयको उप प्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

पहिचान गरिएको छ। सम्बन्धन बन्द गर्नुपर्ने, संस्थागत विकासमा जोड दिनुपर्ने, क्याम्पसलाई स्वायत्तता दिने, अनुसन्धान र शिक्षाण विश्वविद्यालय भनी प्राथमिकता छुट्याउने, गुणास्तरमा जोड दिने, प्रविधिको विकासले मानवीय श्रमलाई विस्थापन गर्ने सम्भावना रहेको हुँदा शैक्षिक बेरोजगारको संख्या बढ्ने र प्रमाणपत्रको मूल्य कमजोर हुने हुँदा निरन्तर रिईन्भेन्ट गर्ने गरी उच्च शिक्षा अगाडि बढ्नु पर्ने लगायतका सुझावहरु प्रस्तुत गरिएको छ।

*शब्दकुञ्जीः* अन्वेषण, उच्च शिक्षा, ज्ञानपुँजी, विश्वपरिवेश,सम्बन्धन

## परिचय

उच्चशिक्षा दिने आसयले नेपालमा वि. सं २०१६ मा त्रिभुवन विश्वविद्यालयको स्थापना भएको हो। यसका हालसम्म ६१ वटा आङ्गिक क्याम्पस छन्। यो मुलुककै पहिलो र ठूलो विश्वविद्यालयको रुपमा लिइन्छ। विद्यार्थी संख्याको हिसावले पनि यहाँबाट बिभिन्न विषयमा उच्च स्तरसम्मको अध्ययन हुन्छ। विश्वविद्यालयका मूलतः तीनवटा काम हुन्छन् M शिक्षण सिकाइ, अनुसन्धान र ज्ञान वा प्रविधिको विस्तार (वाग्ले, २०७७)। पाठ्यक्रमदेखि प्रमाणीकरणसम्मको निश्चित ढाँचामा रहेर वा नरहेर स्थापित ज्ञान, सीप र प्रविधि विद्यार्थीमा हस्तान्तरण गर्ने वा रचनात्मक खोजी गर्न लगाउने कार्य शिक्षण सिकाइमा हुन्छ। अनुसन्धानमा नयाँ अन्वेषणहरु हुन्छन्। विस्तारमा विश्वविद्यालय वा त्यहाँका शिक्षकले अन्वेषण गरेका ज्ञान वा प्रविधि प्रकाशन गर्ने र त्यसको सम्बन्धित पक्षसम्म पुर्याउने काम हुन्छ र कुनै विश्वविद्यालयले यी तीनवटै काम गर्छन् भने कसैले यीमध्ये कुनै एक वा दुई काम गर्छन्। अठारौँ शताब्दीभन्दा पहिले औद्योगिक क्रान्ति हुनुभन्दा अगाडिको उच्च शिक्षा विशेष गरी स्थापित ग्रन्थ वा मान्यताहरुसँग सम्बन्धित ज्ञान आर्जन गर्नेमा केन्द्रित हुन्थ्यो (Robeyns, 2016) प्राचीन समयमा जनशक्ति उत्पादन गर्ने पछि क्रमशः ज्ञान सीप सिकाउनेमा मात्र विश्वविद्यालय केन्द्रित भए। त्यतिवेला वैज्ञानिक अनुसन्धानहरु हुन थाले। बिसौँ शताब्दीको उत्तरार्द्धसम्म मानवीय पुँजी उत्पादन मा आधारित उच्च शिक्षा भएको पाइन्छ (Becker, 1993) भने हालसूचना तथा सञ्चार प्रविधिको व्यापक विकास र डिजिटाइजेसन प्रबल भएसँगै ज्ञान पुँजी उपागम (Carnoy, 2007) मा आधारित भएको दखिन्छ। अहिले विश्वका ठूला र धनी मानिने विश्वविद्यालयले विभिन्न नाममा अन्य देशका ब्रेनहरु आकर्षण गरिरहेका छन्। ती ब्रेनको प्रयोग गरी अनुसन्धामार्फत पुँजीको निर्माण गरिरहेका छन्। विश्वलाई प्रभावित पार्न र विश्वमा तीष्ण मस्तिष्कलाई आकर्षण गर्न विश्वस्तरका विश्वविद्यालयहरु तीब्र रुपमा लागेका छन्। भारतवर्षमा गुरुकुलमा आधारित उच्च शिक्षाको परम्परा थियो (कोइराला, २०७३)। यो पश्चिमाभन्दा फरक छ। पूर्वीय पद्धति विशिष्टीकृतभन्दा एउटा पूर्णमानव उत्पादन गर्नेमा केन्द्रित थयो। परा (आत्मिक ज्ञान) र अपरा (जीविकोपार्जनका लागि भौतिक ज्ञान सीप) को मिलानमा आधारित थिए (कोइराला,

२०७३)। जीवन जिउनका लागि चाहिने आधारभूत पक्ष सबैले सिक्ने र केही विशिष्ट सीपहरु सिक्ने प्रावधान थियो। व्यवस्थापन कुलपतिको नेतृत्वमा हुन्थ्यो। माथिल्लो कक्षाका विद्यार्थीले तल्लो कक्षाका विद्यार्थीलाई सिकाउने प्रावधान थियो (Dixit, 2017 A.D.) । यसो गर्दा कम शिक्षक भए पनि काम चल्ने र विद्यार्थी स्वयम शिक्षक पनि हुने हुँदा सिकाइको स्तर बढी हुने हुन्थ्यो। परीक्षामा विद्यार्थी कति सक्षम भयो भनी गरेर देखाउनु पर्थ्यो। गुरुलाई त्यो प्रमाणीकरण गर्ने अधिकार थियो। अहिलेको विश्वविद्यालयका कुलपति, उपकुलपति भन्ने नाम यही गुरुकुलप्रथाबाट आएको हो।

नेपालमा कलकत्ता विश्वविद्यालयबाट सम्बन्धन लिएर वि.सं.१९७५ मा त्रिभुवन चन्द्र कलेज (पछि त्रिचन्द्र क्याम्पस) को स्थापना भएसँगै औपचारिक उच्च शिक्षा प्रारम्भ भएको देखिन्छ (शर्मा, २०६५)। नेपालले वि.सं.२०१६ मा त्रिभुवन विश्वविद्यालय (त्रि.वि.) को स्थापना भएसँगै आधुनिक शिक्षाको आफ्नै विश्वविद्यालय पाएको हो। करीब ६० वर्षको दौरानमा ११ वटा विश्वविद्यालय, ४ वटा विश्वविद्यालय स्तरका संस्था, १४३२ क्याम्पस, दसौँ अनुसन्धान केन्द्र वा एकाइ स्थापित भएका छन्। (विश्वविद्यालय अनुसन्धान आयोग, २०२१)। नेपालको विश्वविद्यालयको मानक पनि आफू अनुकूल बनाएका छन्। नेपालमा अधिकारमा आधारित उपागमलाई आत्मसात् गरी पहुँचमा मात्रै बढी जोड दिएकाले संस्थाहरु व्यापक विस्तार भएका तर गुणस्तर अपेक्षित नभएको देखिन्छ (कोइराला, २०७३)। साथै क्याम्पस केन्द्रित उच्च शिक्षा भएकाले शिक्षणमा बढ्ता जोड छ तर अनुसन्धान र विस्तार निकै कमजोर छ (वाग्ले, २०७७)। परिस्थितिलाई ध्यानमा राखेर यस अध्ययनमा नेपालको उच्च शिक्षाको वर्तमान अवस्थालाई विश्लेषण गर्दै परिवर्तित विश्व र स्थानीय अवस्थानुकूलको तथ्यमा आधारित सुझावहरु प्रस्तुत गर्ने प्रयास गरिएको छ। यस अध्ययनको मूल उद्देश्य नेपालको उच्च शिक्षाको वर्तमान अवस्थालाई विश्लेषण गर्नु रहेको छ भने अन्य विशिष्ट उद्देश्यहरु विश्वपरिवेश र नेपालको उच्च शिक्षा विकासको प्रवृत्ति विश्लेषण गरी समस्याहरुको उजागर गर्नु र परिवर्तित विश्व र स्थानीय अवस्थानुकूलको नेपालको उच्च शिक्षाका लागि तथ्यमा आधारित सुझावहरु प्रस्तुत गर्नु रहेको छ।

## विधि तथा सामग्री

यो आलेख तयार गर्नका लागि मूलतः गुणात्मक अनुसन्धान ढाँचामा आधारि भई तयार पारिएको छ । तथ्याङ्कहरु मूलतःद्वितीय स्रोतबाट लिई प्राप्त तथ्याङ्कलाई ब्याख्या विश्लेषण गरी निश्कर्षमा पुगिएको छ । यसकालागि विभिन्न ऐतिहासिक, नीतिगत र अनुसन्धानका प्रतिवेदनहरु अध्ययन गरिएको थियो। विभिन्न देशका शिक्षा विकासको गति अध्ययनका लागि इन्टरनेटको सहारा लिइएको थियो प्राप्त सूचनालाई विषयक्षेत्रगत रुपमा व्याख्या विश्लेषण गरिएको छ।

## नतिजा र छलफल

### विश्वस्तरका मूल मुद्दाहरु

समग्र विश्व एउटा सानो गाउँजस्तै भएको छ। यसले राजनीतिक, आर्थिक र शैक्षिक क्षेत्रमा समेत प्रत्यक्ष प्रभाव पारेको छ। आर्थिक हिसाबले कुनै देश एक्लो भएर रहन सक्दैन (Frank, 2017)। विश्वको राजनीतिले कुनै विशिष्ट देशको राजनीतिलाई प्रभाव पर्दछ। यी सबै आयामलाई सम्बोधन हुने खालको विश्वस्तरीय शिक्षा नभएमा त्यो देश पछाडि पर्छ। सूचना तथा सञ्चार प्रविधिले विश्वलाई अझै साँगुरो बनाएको छ। अब मानवस्रोतको उपयोग विश्वको जुनसुकै बजारमा हुने भयो। ज्ञानको क्षेत्रमा कुनै प्रकारको सीमा नहुने भयो। कतिपय विषय त्यस्त छन् जुन विश्वस्तरको प्रयत्नविना समाधान गर्न सकिँदैन। त्यसैले अबको उच्च शिक्षा विश्वव्यापीकरणको मुद्दाबाट अलग हुन सक्दैन।

दिगो विकास लक्ष्यको मूल मर्म पर्यावरणको बचावट हो (UNESCO, 2021)।अहिले आर्थिक लाभका लागि प्रकृतिको दोहन भएको छ। वातावरणीय विनाश र हानिकारक ग्याँस वा केमिकलको उत्पादन र अस्वभाविक प्रयोगले पर्यावरण नष्ट हुँदैछ। धनी वा औद्योगिक देशहरुले प्रकृतिको दोहन गर्न र त्यसको नकारात्मक असरको भागीदार भौतिक वा जैविक वातावरण हुने भएको छ। यो विश्वव्यापी समस्या हो र यसले विश्वव्यापी समाधान खोज्छ। शिक्षाका माध्यमबाट यस्ता समस्यालाई हल नगर्ने हो भने सन् २०५० सम्म भयावह स्थिति आउने देखिन्छ (Harari, 2018)। प्रविधिको समुचित प्रयोग गरी उत्पादकत्व बढाउन शिक्षा प्रविधिमैत्री हुनुपर्छ। अबका मानिसले गर्ने बौद्धिक कामसमेत मेसिनले गर्ने हुँदा मानिसको बौद्धिक शक्ति पनि प्रतिस्थापन हुने सम्भावना छ। हाल विश्वमा करिब 57 प्रतिशत अर्थतन्त्र Technical क्षेत्रले ओगटेको छ र यो अझ बढ्दैछ (Adams, 2014)।यस क्षेत्रमा कृत्रिम बौद्धिकताको अधिक प्रयोग हुन सक्छ। साथै उद्योग, अस्पताल, शिक्षणसंस्था, ड्राइभिङ आदि क्षेत्रमा पनि एआईको प्रयोग हुन थालेको छ। एआई छिटो अपडेट हुने, एकैपटक कनेक्सन र सञ्चार हुने, थकान नहुने हुँदा मानिसमा भन्दा उत्पादकत्व क्षमता बढी हुने हुन्छ। यसले कामको दुनियाँमा मानवशक्तिलाई प्रतिस्थापन गर्ने र ठूलो सङ्ख्यामा मानिस बेरोजगार हुने सम्भावना छ। त्यस्तै जैविक प्रविधि र सूचना तथा सञ्चार प्रविधिको मर्ज भएपछि मानिसका व्यक्तिगत सूचना कुनै डाटा सेन्टरमा जाने भए।यसो हुँदा स्वयं व्यक्तिका बारेमा उसलाई भन्दा सेन्टरलाई बढी थाहा हुने भयो। यसले नयाँ Pressure सृजना गर्ने र स्ययं मानिसको अस्तित्व सङ्कटमा पर्ने देखिन्छ।यस्तो सङ्कटबाट बचाउनका लागि शिक्षा सोही अनुसारको हुनु आवश्यक छ।

बुद्धिको प्रयोग गरी आमरुपमा आतंक मच्चाउने कार्य बौद्धिक आतंकवाद हो (आचार्य, २०७८)। यो आतंकवादले भौतिक आतंकवादी जस्तै बन्दुक, बम, बारुद वा तरबार चलाउँदैन। यसले

मिष्तिस्क चलाउँछ र सञ्चारका साधन तथा सामाजिक सञ्जाललाई प्रयोग गरी मानिसको दिमागमा आक्रमण गर्छ। प्रविधिको विकाससँगै भौतिक आतंकवाद कमजोर र बौद्धिक आतंकवाद तीब्र हुँदै आएको छ। यसको ट्रेन्ड हेर्दा यो अझ तीब्र भएर जाने र २१ औँ शताब्दीको सबैभन्दा ठूलो चुनौती हुने देखिन्छ (Harari, 2018)।उच्च शिक्षाको माध्यमबाट यस्तो आतंकवादबाट पनि मानिसलाई जोगाउनु पर्ने हुन्छ।

जसरी मुद्राको स्फिति हुन्छ त्यसरी शैक्षिक प्रमाणपत्रको पनि स्फिति हुँदै गएको छ (Knopf, 2016)। प्रमाणपत्र भएका मानिस बजारमा प्रशस्तै भएका छन्। यसो हुँदा बजारमा शैक्षिक बेरोजगार बढी हुने र प्रतिस्पर्धा उच्च हुने गर्छ। अब प्रमाणपत्र भन्दा उसको क्षमता बढी मूल्यवान हुनेछ। यसो हुँदा शिक्षा गुणस्तरीय हुनुपर्छ। बजारको आवश्यकता र जनशक्तिका बीचमा तालमेल ल्याउनु अहिलेको ठूलो मुद्दा हो।

### विश्वस्तरको विश्वविद्यालय

विश्वस्तरको विश्वविद्यालय ज्ञानको क्षेत्रमा नवउदारवादमा आधारित विश्वप्रतिस्पर्धाको एक आयाम हो। सन् १९७० को दशकमा बेलायतमा मार्गरेट थ्याचर र अमेरिकामा रोनाल्ट रेगनको उदयसँगै बजार अर्थतन्त्रको विस्तार भएपछि शिक्षामा पनि नवउदारवादी धारणा व्यापक रुपमा फस्टायो (Wallerstine, 2015) ।सन् १९९० पछि विश्वव्यापीकरण तीब्र विस्तारले ज्ञानको दुनियाँलाई विश्वसामु बढ्ता प्रतिस्पर्धी बनायो। उद्योगमा आधारित पुँजीको स्थान ज्ञानमा आधारित अर्थतन्त्रले लिन थाल्यो (Harari, 2018)। यससँगै विकसित भनिएका देशहरु ज्ञानको क्षेत्रमा विश्वप्रतिस्पर्धाको नाममा विश्वका तीक्ष्ण मस्तिस्कहरु भित्र्याउने अव्यक्त योजना मुताविक लागि परे। आफू अनुकूलका मापदण्ड विकास गरी प्रतिस्पर्धा गरे। उच्च शिक्षा र खासगरी केही विश्वविद्यालयमा राज्यको विशेष लगानी बढाए र निजी क्षेत्रलाई प्रश्रय दिए। विश्ववरीयतामा अगाडि रहेको भनी त्यहाँबाट उत्पादित ज्ञानलाई ब्राण्ड बनाउने काम हुँदैछ। ज्ञानलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बेचेर अन्य स्रोत पनि आफ्नै देशमा भित्र्याए (Waller tine, 2015) ।शिक्षाविद् जोनस्टोन भन्छन् "विश्वस्तरको विश्वविद्यालयको नाममा प्रयोग गरेर धनी देशहरु झन् धनी र गरीव देशहरु अझ गरीव हुने अवस्था आएको छ" (Shin, 2011, p.25)।

यहाँ अंग्रेजी भाषाको अधिपत्य पनि देखिन्छ। अनुसन्धानका प्रकाशनलाई धेरै अङ्क दिने गरिन्छ र भाषा अंग्रेजीलाई मात्र मान्यता दिइन्छ। त्यसैले एंग्ले अमेरिकी देशहरु विश्व प्रतिस्पर्धामा निकै अगाडि देखिन्छन्। विकसित देश भैकन पनि जर्मनी, फान्स, जापान, चीन लगायतका देशहरु प्रकाशन धेरै भए पनि भाषाका कारण बरियतामा पछाडि नै देखिन्छन् (Shin and Kehm, 2013) ।सन् २०१८

को अल्फ्रेड र हकिन्सको तुलनात्मक अध्ययन अनुसार उच्च स्थानमा रहेका २०० मध्ये ५० प्रतिशत विश्वविद्यालयहरु अंग्रेजी भाषी देशहरुमा छन् । यिनीहरु भौगोलिक रुपमा प्रतिनिधित्व गर्ने खालका नभएर अमेरिका बेलायतमा केन्द्रित छन् । यीमध्ये ९० प्रतिशत विश्वविद्यालय आर्थिक रुपमा अतिविकसित देशका छन् (Alfred and Hawkins, 2013)।यसी हेर्दा यो अभियान त्यति न्याय सङ्गत देखिदैन ।

अमेरिकाले सबै विश्वविद्यालय विश्वस्तरका बन्न सक्दैनन् भनेर शिक्षण विश्वविद्यालय र अनुसन्धान विश्वविद्यालय भनी वर्गीकरण गर्यो र अनुसन्धानात्मक विश्वविद्यालयलाई बढी जोड दियो सबै विश्वविद्यालय शिक्षण र अनुसन्धान दुवै हुन् भनी हिंडेको जर्मनी २००५ पछि एक्सिलेन्स इनिसियटिभ भनेर केही विश्वविद्यलयलाई अलि बढी जोड दएको छ । कोरियाले सन् १९९९ मा ब्रेन कोरियाको विश्वका

गतिला दिमाग तान्न खोजेको छ । जापान पनि सन् २००५ दिख सेन्टर अफ एक्सिलेन्सको (Alfred Hawkins, 2013)।नाममा विश्व प्रतिस्पर्धामा उत्रेको छ । यी सबैको ध्याउन्न ज्ञानको क्षेत्रमा आधिपत्य जमाउनु नै हो ।

विश्वस्तरका विश्वविद्यालयका सवालमा फरक संस्थाका फरक मापनका सूचक छन् । कसैले आफु अनुकूल आधार तय गरेका छन् तर विज्ञका सुझाव भने यस्ता छन् । अल्टब्याचले सन् २००९ मा विश्वस्तरका विश्वविद्यालयमा बताएका उत्कृष्ट अनुसन्धान, प्राज्ञिक स्वतन्त्रता, लचक शासकीय स्वरुप, पर्याप्त भैतिक सुविधा, पर्याप्त लगानी हुनुपर्ने बताएका छन् । साल्मीले २००९ मै प्रतिभाशाली प्राध्यापक र विद्यार्थी आकर्षण, शिक्षण र अनुसन्धानमा व्यापक लगानी, अनुकूल र लचक शासकय संरचनामा जोड दिएका छन् (Salmi, 2009)।त्यस्तै मोर्मानको समूहले सन् २०१० मा विश्वव्यापी ध्येय, अनुसन्धानको गहिराई, प्राध्यापकलाई स्वायत्तता, विकेन्द्रित लगानी, विश्वव्यापी सहकार्यमा चासो राखेका छन् (Shin and Kehm, 2013)।यसरी हेर्दा सबैको जोड तीष्ण मस्तिष्कको आकर्षण बिना नयाँ ज्ञान उत्पादन हुन सक्दैन भन्नेमा छ । प्राध्यापकमा प्राज्ञिक स्वतन्त्रता, शासकीय स्वरुपमा उत्तरदायित्वपूर्ण संस्थागत स्वायत्तता, दिगो लगानी र अनुसन्धानमा जोड दिएको देखिन्छ ।

## नेपालमा उच्च शिक्षाको अवस्था

अहिले नेपालमा सत्र वटा विश्वविद्यालय र पाँच वटा विश्वविद्यालय स्तरका प्रतिष्ठानहरु सञ्चालमा छन् । गण्डकी प्रदेशले एउटा प्रदेश विश्वविद्यालय खोलिएको छ । समग्रमा नेपालमा १४३७ क्याम्पसहरु छन् । यी मध्ये ७९.६८ प्रतिशत क्याम्पसहरु त्रि.वि. अन्तर्गत छन् जहाँ ७६.४ प्रतिशत

विद्यार्थी छन् भने बाँकी अन्य विश्वविद्यालयमा छन् । १४३७ क्याम्पसहरुमध्ये ५२.१२ प्रतिशत निजी, ३७.३ प्रतिशत सामुदायिक स्तरबाट व्यवस्थापन गरिएका छन् बाँकी १०.५८ प्रतिशत आङ्गिक छन्। कतिपय विषयमा आङ्गिक भित्र पनि निजी तवरबाट चलेका कार्यक्रमहरु छन् । कुल विद्यार्थीमध्ये ३५.६८ प्रतिशत निजी, ३५.८ प्रतिशत आङ्गिक र २८.५२ प्रतिशत सामुदायिकले धारण गरेका छन् (विश्वविद्यालय अनुदान आयोग,२०२१) वाग्मती प्रदेशमा मात्रै ४३.४२ प्रतिशत क्याम्पस छन् भने त्यहाँ ४९.४ प्रतिशत विद्यार्थी अध्ययन गर्छन । यीमध्ये ६५.५६ प्रतिशत निजी क्याम्पस छन् । यहाँ औसतमा १ जिल्ला बराबर ४१ वटा क्याम्पस पर्छन र ३५.४ वर्ग किमी क्षेत्रफल बराबर १ उच्च शिक्षा संस्था छ । तर, कर्णाली प्रदेशमा जम्मा ४.२६ प्रतिशत क्याम्पस छन् । यी मध्ये २५ प्रतिशत मात्रै निजी छन् । यहाँ औसतमा १ जिल्ला बराबर ३ वटा मात्रै क्याम्पस पर्दछन् । यहाँ ७०० वर्ग कमी बराबर १ उच्च शिक्षण संस्था पनि भेटाउन सकिदैन (विश्वविद्यालय अनुदान आयोग, २०२१) ।

प्राकृतिक हिसाबले हेर्दा ५.९५ प्रतिशत विद्यार्थी साधारण धारमा र २३.०३ प्रतिशत प्राविधिक धारमा छन् (विश्वविद्यालय अनुदान आयोग, २०२१) । सरकार प्राविधिक धार बढाउने भन्छ तर लगानी घट्दो छ । प्राविधिक विषयहरुमा निजी क्षेत्रको लगानी बढि छ । पूर्वाञ्चल, काठमाडौँ र पोखरा विश्वविद्यालयहरुले प्राविधिक धारका क्याम्पसहरुलाई बढी सम्बन्धन दिएका छन् । प्राविधिक धारका क्याम्पसहरु सहर केन्द्रित छन् । प्राविधिक शिक्षा आफैमा महङ्गो हुन्छ । त्यसमाथि निजीले चलाउँदा ती गरीवका पक्षमा हुँदैनन् । आर्थिक रुपमा विपन्न तर पढ्न इच्छुक र क्षमतावान् विद्यार्थीले चाहेर पनि प्राविधिक शिक्षा पढ्न सक्दैन ।

पहाडिया ब्राम्हण ३०.८६ जनसंख्या हुँदा उच्च शिक्षाको ६९ प्रतिशत ओगटेका छन् । यसमा नेवारको ५.४८ प्रतिशत जनसंख्या हुँदा १२.३ प्रतिशत, जनजातिको ३२ प्रतिशत जनसंख्या हुँदा १४ प्रतिशत, दलितको १३ प्रतिशत जनसंख्या हुँदा १.४ प्रतिशत, मधेसीको १४ प्रतिशत जनसंख्या हुँदा ४ प्रतिशत, मुस्लिमको ४.२७ प्रतिशत जनसंख्या हुँदा ०.२ प्रतिशत उच्च शिक्षामा पहुँच रहेको देखिन्छ (विश्वविद्यालय अनुदान आयोग, २०२१) । यसले पहुँचमा समन्यायिकताको खाडल देखाउँछ । यसैगरी विनायोजना निजी संस्था खोल्दै जाने हो भने विपन्न वर्गका विद्यार्थी उच्च शिक्षामा पाइला समेत राख्न नसक्ने स्थिति बन्नेछ ।

नेपालमा उच्च शिक्षाको खुद भर्नादर १५ प्रतिशत छ । यी मध्ये स्नातकमा ८९.२ र स्नातकोत्तरमा १०.१२ प्रतिशत छ (विश्वविद्यालय अनुदान आयोग, २०२१) । अमेरिका, कोरिया, बेलायत, चीन र भारतमा क्रमशः ८५.८, ९४, ५६, ४४ र २५ प्रतिशत छ । (Hawkins, 2013)।विश्वको

औसत भर्नादर २७ प्रतिशत, युरोपको ४७ प्रतिशत र सार्कको १७ प्रतिशत छ (Shin Kehm, 2013)। तर, नेपालको यो घट्दो चित्र हो । विश्वविद्यालयको र क्याम्पसको संख्या बढेको बढेकै छ, भर्नादर घट्दै छ । विश्वविद्यालय अनुदान आयोगको रिपोर्ट अनुसार हरेक आठ वर्षमा सम्बन्धन प्राप्त क्याम्पसको संख्या दुई गुणाले बढेको देखिन्छ । यही गति कायम रहे सन् २०३० सम्म सम्बन्धन प्राप्त क्याम्पसहरुको संख्या ३२०० पुग्नेछ । विगत आठ वर्षको विद्यार्थी भर्नादर हेर्दा सन् २०३० सम्ममा प्रतिक्याम्पस ९६ विद्यार्थीमात्रै हुनेछन् । प्राविधिकतर्फ प्रतिक्याम्पस १४ विद्यार्थी रहने छन् (विश्वविद्यालय अनुदान आयोग, २०२८) । अहिले ५२२ क्याम्पसमा १०० जनाभन्दा कम विद्यार्थी छन् । सिकाइ स्तर औसतमा २६.१० प्रतिशत छ । जम्मा ४९ वटा क्याम्पसले मात्रै गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको मान्यता पाएका छन् (विश्वविद्यालय अनुदान आयोग, २०२१) ।

**नेपालको उच्च शिक्षाका मूल समस्याहरु**

१. संविधानमा समाजवाद उन्मुख भनिएको छ तर उच्च शिक्षामा ९० प्रतिशत लगानी व्यक्तिको छ (वाग्ले, २०७६) । उच्च शिक्षामा पुँजीवाद हाबी छ । विकसित भनिएका देशहरु उच्च शिक्षाबाट उत्पादित ज्ञान र सीपलाई पुँजीकृत गरी आर्थिक विकास गराउन केन्द्रित छन् । यस्ता प्रक्रियामा राज्यको लगानी छ । तर, नेपालमा प्रक्रियामा व्यक्तिको लगानी र नाफामूलक व्यवस्थापन भएकोले प्रक्रियामा नै मूल पात्रबाट नै नाफा लिने तर उत्पादनलाई पुँजीकृत गर्न नसकेको अवस्था छ । जहाँ लगानी र प्रक्रियामा पुँजीवाद हावी हुन्छ त्यहाँ विभेदीकरण हुन्छ (भुसाल, २०६४)। नेपालमा त्यही भयो । जात, जाती, भाषा, भूगोल आदिका आधारमा पहुँच र सिकाइमा समता र समानता आउन सकेन ।

२. नेपालका विश्वविद्यालयहरु शिक्षण+अनुसन्धान नमुना गएको देखिन्छ । वस्तुतः शिक्षण हाबी छ, अनुसन्धान कमजोर छ । जहाँ शिक्षणमा मात्रै जोड दिइन्छ त्यहाँ स्थापित ज्ञानलाई अधिकारको स्रोतका रुपमा प्रयोग गरिन्छ । जहाँ अनुसन्धानमा जोड दिइन्छ त्यहाँ स्थापित ज्ञानलाई सृजनाको स्रोतका रुपमा लिइन्छ । नेपालमा अनुसन्धान संस्कृति कमजोर भएकाले सृजनात्मकता कमजोर भएको हो (कोइराला, २०७३) । विश्वविद्यालयको एउटा काम ज्ञान र प्रविधिको विस्तार हो, त्यो कमजोर छ । अमेरिकाले सबै विश्वविद्यालयहरु विस्तारका बन्न सक्दैनन् भनेर शिक्षण विश्वविद्यालय र अनुसन्धान विश्विवद्यालयहरु भनेर वर्गीकरण गरको हो । जापानले सेन्टर अफ एक्सिलेन्सको नाममा विश्वविद्यालयको लक्ष्य (Shin Kehm, 2013) फरक बनायो । तर, नेपालमा सबै विश्वविद्यालयले एउटै काम गरे ।

३. सबै विश्वविद्यालय (केही बाहेक) सम्बन्धनीय विश्वविद्यालय भए । जब सम्बन्धन दिएर क्याम्पस मोडलमा जान्छ त्यहाँ शिक्षण हाबी हुन्छ अनुसन्धान विस्तारै कमजोर हुन्छ । यससँगै प्रशासनिक गतिविधि हाबी हुन्छन् र प्राज्ञिक गतिविधि कमजोर बन्छन् । जब स्वायत्तता साँगुरिन्छ तब स्रोत छरिन्छ ।

४. स्वायत्तता विश्वविद्यालयको पर्यायवाची नै हो भन्दा हुन्छ । हिजो गुरुकुलीय पद्धतिमा गुरुकुल आर्थिक प्रशासनिक र प्राज्ञिक रुपमा स्वायत्त थिए । अहिले पनि उत्कृष्ट मानिने सबै विश्वविद्यालय स्वायत्त नै छन् । नेपालमा विश्वविद्यालयहरु सम्बन्धन बाँडेर केन्द्रीकृत प्रशासन चलाउन मज्जा लिने भएका छन् । विश्वविद्यालयहरु प्रशासन चलाउन, परीक्षा लिन, पाठ्यक्रम बनाउन केन्द्रित छन् । यहाँ व्यवहार र नीतिबीच तालमेल नखाने भयो । अनुदान आयोग नियमनकारी निकाय बन्न खोज्ने भयो । प्राध्यापकमा प्राज्ञिक स्वतन्त्रता नै भएन । दिइएको पाठ्यक्रम पढाउने मात्रै काम भयो । अन्य विश्वविद्यालयहरुसँग सहकार्य गर्न मन्त्रालयले अङ्कुश लगाउने स्थिति छ ।

५. विश्वस्तरीय विश्वविद्यालयका लागि चाहिने उत्कृष्ट अनुसन्धान, प्राज्ञिक स्वतन्त्रता, लचक शासकीय स्वरुप, पर्याप्त भौतिक सुविधा र पर्याप्त लगानी यी सबैमा कमजोर छ ।

६. संस्था खोलियो तर संस्थागत विकास भएन । नेपाल संरचना बनाउन केन्द्रित भयो तर पद्धति बसेन । संरचना बढी अमूर्त स्वरुपको भए उत्पादक भएनन् (Acemoglu, and Robinson, 2012)।शासकीय पद्धति भद्दा भयो । विश्वविद्यालयका नियुक्ति एउटै डालोमा हालेर भागबन्डाका आधारमा गरिन्छ । विश्वविद्यालयका फरक विशेषता र आवश्यकता हुन्छन् तर त्यहाँका सरोकारवालाको कुनै सहभागिताविना पदाधिकारी नियुक्त हुन्छन् । तर त्यहाँका सरोकारवालासँग जवाफदेही हुँदैनन् । संस्थागत विकास नहुने र राजनीतिक प्रभाव बढी हुने भयो । यसो हुँदा जनविश्वास कमजोर हुँदै
गयो । गुणस्तरीय शिक्षाको आपूर्ति विकास र उपयोग गर्ने कार्यमा संस्थागत काम हुन सकेन ।

७. सक्षमतालाई भन्दा अधिकारमा जोड दिइयो । उच्च शिक्षामा पनि अधिकारमा आधारित अवधारणा (Carnoy, 2007) अगाडि बढाइयो । यसले गर्दा पहुँच बढाउन संस्था विस्तारमा लागियो । छात्रवृत्ति, आरक्षण जस्ता साधनको प्रयोग गरियो । तर, सक्षमता उपागम (Sen, 2004) अवलम्बन नगरिएकाले मानवीय विकास हुने गरी उच्च शिक्षाका उत्पादन आउन सकेनन् । ज्ञान पुँजीको रुपमा संस्थाहरुलाई प्रयोग गर्न सकिएन ।

८. विश्वबजार एकातिर हाम्रो शिक्षा अर्कातिर भयो । विश्वबजारमा ७० प्रतिशतले रोजगारी Science, Technology, Engineering and Management (STEM) अध्ययन गर्छन् (Carole, 2016) । नेपालमा भने उच्च शिक्षामा जम्मा २३ प्रतिशतले STEM अध्ययन गर्छन (विश्वविद्यालय अनुदान आयोग, २०२१) । यहाँ बजार र उत्पादनका बिचमा ४७ प्रतिशतको खाडल छ । त्यस्तै रोजगार बजार अति छिटो परिवर्तन भइरहेको छ तर हामीले पुरानै कुरा सिकाउँछौँ जसले गर्दा सिकाइ असान्दर्भिक हुन्छ । यहाँ सिक्नका लागि सिकाइ हुनुपर्नेमा जान्नका लागि सिकाइ मात्रै भएको छ ।

९. प्रविधिको प्रयोग सिकाइँदै छ तर प्रविधिले पार्ने नकारात्मक असरलाई ख्याल गरिएको छैन । बौद्धिक आतंकवाद, डिजिटल तानाशाह, आर्थिक रुपमा बेकामे वर्गको उत्पादन र यसले पार्ने राजनीतिक तथा सामाजिक प्रभाव, सांस्कृतिक विखण्डन तथा लोप र मानव अस्तित्वको सङ्कट (Harari, 2018) । जस्ता विषयमा उच्च शिक्षा मौन छ ।

१०. अहिले नयाँ विश्वविद्यालय खोल्ने अस्वस्थ प्रतिस्पर्धा चलिरहेको छ। संघमा मन्त्रालयहरुका बिचको प्रतिस्पर्धा छ।संस्कृति तथा पर्यटन मन्त्रालयले पर्यटन विश्वविद्यालय, रक्षा मन्त्रालयले सैनिक विश्वविद्यालय, स्वास्थ्य मन्त्रालयले स्वास्थ्य विज्ञान प्रतिष्ठान, शिक्षा मन्त्रालयको काम नै त्यही भइहाल्थ्यो। प्रदेश तहमा केही प्रदेशले विश्वविद्यालय सञ्चालन सम्भाव्यता अध्ययन गरी प्रतिवेदन समेत बुझाएका छन्। सम्बन्धनीय ढाँचाकै विश्वविद्यालय खोल्न सुझाएका छन् (विश्वविद्यालय अनुदान आयोग, २०१८)। छिटै आफू मातहत विश्वविद्यालय खोल्न लालायित छन्। अहिले भएका विश्वविद्यालयहरु पनि सम्बन्धन बेच्न उद्यत छन्।

११. पाठ्यक्रम खुला हुन सकेका छैनन्। पहिले १० वर्षमा आउने परिवर्तन अहिले १ वर्षमा आउँदै छ। अन्वेक्षण र ज्ञानको क्षेत्रमा हुने तीब्र परिवर्तनले पाठ्यक्रममा समेत संशोधन परिमार्जन आवश्यक छ। नेपालका विश्वविद्यालयहरु प्रक्रियागत उल्झनमा फँसेको र शिक्षक पाठ्यक्रमको सापेक्षित उपयोग गर्न स्वतन्त्र नभएकाले पाठ्यक्रमको सान्दर्भिकतामाथि प्रश्न उठ्ने गरेका छन्।

१२. विज्ञ वा मनोवैज्ञानिकहरुले उच्च शिक्षामा पेडागोजी भन्दा एन्ड्रागोजीको प्रयोग गर्नुपर्छ भन्छन् (कोइराला, २०७३)। एन्ड्रागोजीमा अनुभवको सिकाइमा नेतृत्व गर्ने हुन्छ। विद्यार्थीलाई आफैँ खोजी गर्न, समालोचक बन्न र सशक्तीकरण गर्न सघाउनु पर्ने हो। तर यहाँ अझै पनि बैंकिङ अवधारणा (Freire, 1970) का आधारमा ज्ञानलाई डिपोजिट गर्नमा बढ्ता जोडदिइएको देखिन्छ। यसले गर्दा उच्च शिक्षा हाँसिल गरेका विद्यार्थीहरु समालोचक र स्तन्त्र हुन असमर्थ छन्।प्रविधि विकासले पनि सिकाइको ढाँचालाई पेडागोजी र एन्ड्रागोजी भन्दा माथि उठ्न प्रेरित गर्दैछ तर हाम्रा आँखा अझै खुलेका छैनन्।

**समस्या समाधानका लागि सुझावहरु**

उच्च शिक्षामा संस्था स्थापना र पहुँचको विस्तार सापेक्षित रुपमा अपेक्षाकृत भए तापनि संस्थागत विकास र गुणस्तर सन्तोषजनक छैन। परिवर्तित अवस्था र समयको मागलाई सम्बोधन गर्न सामान्य सुधारले काम गर्दैन आमूल रुपान्तरणका पक्ष निम्नानुसार पहिचान गरिएको छः

१. शिक्षा नीति २०७६ ले भने जस्तै कुनै पनि विश्वविद्यालयले सम्बन्धन दिनु हुँदैन (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७६)। क्याम्पसको मोडललाई उल्टाउनु पर्छ।सम्बन्धन प्राप्त गरेका क्याम्पसहरुलाई मर्ज गरी कलेज मोडलमा रुपान्तरण गर्नुपर्छ। अब विश्वविद्यालय र कलेज मात्रै रहने छन्। यहाँ सयौँ विश्वविद्यालय हुनेछन्। खुलाबाहेक सबै विश्वविद्यालय आवासीय हुनुपर्छ र टुक्रे नभएर एकीकृत ठूला विश्वविद्यालय (Big University) का रुपमा रुपान्तरित हुनुपर्छ। नियमित विश्वविद्यालय जान नसक्नेहरु खुला विश्वविद्यालयतिर जानेछन्। विश्वविद्यालय र क्याम्पस मर्ज भएर बनेका कलेजहरु सबै वित्तीय प्रशासनिक र प्राज्ञिक रुपले स्वायत्त हुनेछन्।

२. विश्वको बहावसँगै लहलहैमा लाग्ने कि देशको विशेषता हेरी अफ्नो मान्यता तय गरी संख्यात्मक प्रतिस्पर्धाभन्दा गुणस्तरमा जोड दिने भन्ने विषयमा स्पष्ट हुन जरुरी छ। धनी मानिएका देशहरुको

बौद्धिक साम्राज्य फैलाउने चालबाट बच्नुपर्छ ।विश्वस्तरको विश्वविद्यालय भनेको समतामा आधारित नभएर निरपेक्ष प्रतिस्पर्धा हो । हाम्रो संविधानको मर्म समतामूलक शिक्षा हो । नेपालको विविधता र तथ्यले देखाएको विविधताका आधारमा भएको खाडल नपुरी विश्वप्रतिस्पर्धाको दौड निरर्थक हुन्छ ।

3. भारतले पनि २०१९ को शिक्षा नीति मार्फत अनुसन्धान, शिक्षण र कलेज गरी तीन प्रकारका विश्वविद्यालय वर्गीकरण गरेको छ । (Aithal,2020) । अमेरिका, जर्मनी, फ्रान्सले पनि पहिलेदेखि शिक्षण र अनुसन्धान भनी विश्वविद्यालयको वर्गीकरण गरेका छन् (Shin Kehm, 2013) । नेपालमा पनि अनुसन्धान, शिक्षण र कलेजको वर्गीकरण उपयुक्त हुन सक्छ। यसो हुँदा राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वका अनुसन्धान विश्वविद्यालयले गर्ने छन् । यस्ता अन्वेक्षणबाट विकसित ज्ञान र सीपको प्रसार शिक्षण विश्वविद्यालयमा हुनेछ । यहाँ अनुसन्धानको पद्धति र प्राज्ञिक अनुसन्धानका आधारभूत पक्षहरु पनि सिकाइनेछ । कलेजमा प्राज्ञिक अनुसन्धानका आधारभूत पक्षहरु पनि सिकाइनेछ । कलेजमा प्राज्ञिक अनुसन्धान, शिक्षण र तालिम तीनवटै हुनेछन् । माथि भने जस्तै यी तीनवटैले प्रमाणीकरण गर्ने स्वायत्तता हुनेछ । यसो हुँदा प्राथमिकता निर्धारण र लक्ष्यमा केन्द्रित हुन सजिलो हुन्छ ।

4. शिक्षा सामजिक सम्पत्ति हो । यसमा राज्य र समाजको लगानी हुनुपर्छ । जबसम्म शिक्षामा निजीकरण हुन्छ तबसम्म त्यो सामाजिक सम्पत्ति हुँदैन र व्यापारिक मालजस्तो हुन्छ । जबसम्म उच्च शिक्षाका संस्थाहरु सबैका लागि साझा हुँदैनन् र फरकफरक अवसर र वातावरण पाउँछन्, तबसम्म सामाजिक विभेदीकरण हटाउन सकिँदैन । त्यसैले राज्य निर्मित सांस्कृतिक पुँजीको रुपमा विकास गर्नुपर्छ । ठूला र आवासीय विश्वविद्यालय बनाउन पूर्वाधार तयार गरेपछि राज्यको अन्य खर्च कम हुन्छ । यसो हुँदा राज्यले सबै खर्च धान्न सक्छ तर पूर्ण निःशुल्क होइन, न्यूनतम शुल्क लिनुपर्छ ।

5. सूचना तथा सञ्चार प्रविधि र जैविक प्रविधिले ज्ञान र सीपका क्षेत्रमा छिटोछिटो परिवर्तन ल्याएका छन् । हिजोका ज्ञान र सीप आज पुराना भएकाले शिक्षामा पनि परिवर्तन हुनु जरुरी छ । अब केवल जान्नका लागि सिकाइ र गर्नका लागि सिकाइ मात्र नभएर नयाँ परिस्थितिलाई सामना गर्नका लागि सिकाइको अवधारणामा जानुपर्छ । पेडागोजी वा एन्ड्रागोजीभन्दा हय्युटागोजी मा जानुपर्ने हुन्छ । हय्युटागोजीमा विद्यार्थीले स्वःसिकाइ गर्छ (काफ्ले, २०७७)। अब सूचना र सूचना दिने एजेन्सीको कुनै कमी र सीमा छैन । कतिपय अवस्थामा शिक्षक वा सहयोगी नचाहिने अवस्था छ । त्यसैले अब स्वनिर्देशित सिकाइ अवधारणामा जानु आवश्यक छ । त्यस्तै पाठ्यक्रममा निरन्तर परिवर्तन चाहिन्छ । यसका लागि कस्तो पाठ्यक्रम बनाउने पहिले नै भन्ने विषय रहेन । पाठ्यक्रमको निर्माण र प्रयोगमा शिक्षक स्वतन्त्र हुनुपर्छ ।

६. राजनीति र शिक्षा अलग बाटो हिंड्न सक्दैनन् । नेपालको उच्च शिक्षालाई हेर्दा राजनीतिले शिक्षालाई डोहोर्याउने कि शिक्षाले राजनीतिलाई भन्नेमा अन्योल देखिन्छ । यहाँ राजनीतिले शिक्षालाई डोहोर्याएको देखिन्छ । उच्च शिक्षाले राजनीति खासगरी नीति निर्माणमा सघाउने गरी नेतृत्व गर्नुपर्ने हो । समाजवाद, उदारवाद वा अन्य कुनै अर्थ राजनीतिक अवस्थाका बारेमा विश्वविद्यालय जति जानकार र अद्यावधिक अरु हुनै सक्दैनन् तर यहाँ उल्टो छ पार्टीका नेताले प्राध्यापकलाई प्रशिक्षण दिन्छन् र त्यहीँ कुरा बोकेर हिंड्छन् । यसो हुँदा प्राध्यापकप्रति जनविश्वास कम देखिएको छ । यसलाई उल्टाएर विचार, दर्शन र परिवर्तनको अद्यावधिक जानकारी दिने मूल नेतृत्व विश्वविद्यालयले गर्नुपर्छ ।

७. विश्वविद्यालयको खासगरी ज्ञानको क्षेत्रमा सीमा हुँदैन । विश्वको समस्याबाट कुनै देश वा समाज अछुतो रहन सक्दैन । विश्वको समस्या कुनै देश विशेषले मात्र समाधान गर्न सक्दैन, यहाँ विश्वस्तरीय पहलकदमी जरुरी हुन्छ र विश्व समस्या देखाउने र समाधानको बाटो सुझाउने काम विश्वविद्यालयले गर्नुपर्छ । जस्तै पर्यावरणीय क्षयीकरण, प्रविधिले निम्त्याएका राजनीतिक आर्थिक र सामाजिक समस्या र यसका समाधानका बारेमा उच्च शिक्षा केन्द्रित हुन जरुरी छ ।

८. सबै विश्वविद्यालय स्वायत्त हुनुपर्छ । बोर्ड अफ ट्रस्टी वा सरोकारवालको सहभागिता रहने गरी शासकीय कार्य गर्ने गरी व्यवस्था गर्ने (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७५) । अनुदान आयोगको मोडेलमाथि ठूलो बहस हुन जरुरी छ । माथिबाट प्याकेजमा कुनै पनि नियुक्ति गर्ने संयन्त्र बनाउनु हुँदैन । विश्वविद्यालयहरु नियमले चलाउने हो र नियम विश्वविद्यालयले बनाउने हो । नियम र प्रक्रियाले स्वचालित रुपमा सहभागितात्मक ढंगले काम गर्ने अवस्था नै संस्थागत विकास हो । संस्था जति चुस्त हुन्छ त्यति प्रभावकारी काम हुन्छ (कोइराला, २०७७) । शैक्षिक संस्थाको गभर्न्यान्समा प्राज्ञिकता र प्रशासन दुबै हुन्छ । प्राज्ञिकताले जहिले पनि स्वतन्त्रता खोज्छ ।प्रशासनले नियन्त्रण खोज्छ । यहाँ स्वतन्त्रता र नियन्त्रणको मिश्रण जरुरी हुन्छ । प्रशासनिक कार्य स्वायत्ततामा जानुपर्छ जसले गर्दा प्रभावकारिता बढ्छ र थोरै स्रोतमा पनि काम हुन्छ ।

९. जैविक प्रविधि र सूचना प्रविधि एकीकृत भएपछि व्यक्तिका नितान्त व्यक्तिगत सूचनाहरु डेटा सेन्टरमा रहने हुँदा यी सूचनाको दुरुपयोग हुने जोखिम रहन्छ (Harari, 2018) । यसबाट मानिसका सूचनामात्र होइन मानिस नै ह्याक हुने सम्भावना छ । यसका लागि कति सूचनाहरु बाहिर दिने यसको नियन्त्रण कस्ले गर्ने भन्ने विषायमा सचेत बनाउने खालको शिक्षा हुन जरुरी छ ।

१०. विश्वव्यापी रुपमा शैक्षिक प्रमाणपत्रको स्फीति भएको छ । यसो हुँदा कुन तहको डिग्री हाँसिल गर्यो भन्दा पनि के सिक्यो र त्यो सिकाइले परिवर्तनसँग जुँध्न सामर्थ्य बनायो कि बनाएन भन्ने

महत्वपूर्ण विषय हो । त्यसैले अधिकारमा आधारित भएर प्रदान गरिने शिक्षालाई सक्षमता र गुणस्तरसाग जोड्नुपर्छ ।

**निष्कर्ष**

यो युग ज्ञानपुँजीको युग हो । जति पनि रुपान्तरण भएको छ त्यो मानव ज्ञानको परिणाम हो । अझ प्रविधिको विकाससँगै मानिस रोजगारीको दुनियाँबाट क्रमशः बाहिरिने सम्भावना छ । तर, मानिसको ज्ञान र सृजनात्मकता कुनै प्रकारको प्रविधिले प्रतिस्थापन गर्न सक्दैन, बरु अझ बढेर जानेछ । ज्ञानको सीमा हुँदैन र ज्ञानको उत्पादन र विकास गर्ने संस्थाहरुलाई कुनै प्रकारको घेरामा सीमित गर्नु हुँदैन । अन्तर्राष्ट्रिय, राष्ट्रिय, स्थानीय तहका मूल मुद्दा उच्च शिक्षाका विषय बन्छन्, बन्नुपर्छ । समयको गति अनुसार दौडन सक्ने विश्वविद्यालयहरु भएनन् भने उत्पादित जनशक्ति बेकामे हुन सक्छन् । सापेक्षित स्वतन्त्रतापूर्वक उड्न सक्ने विश्वविद्यालय अहिलेको आवश्यकता हो ।

## सन्दर्भसूची

आचार्य, वाईपी ( २०७८ भदौ १३), *प्रविधिसँग हार्दै मानिस*, कान्तिपुर दैनिक।

कोइराला, विद्यानाथ (2073), *शिक्षामा सोचान्तरण*, माइलस्टोन प्रकाशन .लि. ।

वाग्ले, मनप्रसाद (2077), वि.सं. 2077 माघ १ गते सेरिडद्वारा आयोजित त्रि. वि. सभाको कार्यक्रममा कार्यपत्र माथिको टिप्पणी र सुझाव ।

विश्वविद्यालय अनुदान आयोग (2021), *शिक्षा व्यवस्थावन सूचना प्रणाली* विश्वविद्यालय अनुदान आयोग ।

शर्मा, गोपिनाथ (2065), *शिक्षाको इतिहास भाग १*, पैरवी प्रकाशन ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (2075), *उच्च स्तरीय शिक्षा आयोगको प्रतिवेदन* शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (2076), *शिक्षा नीति,* शिक्षा विज्ञना तथा प्रविध मन्त्रालय ।

Acemoglu, D. and James A. R. (2012). *Why nations fail*: The origins of power, Prosperity and poverty. Crown Publishers.

Adams, T. (2014). *Job Hunting Is a Matter of Big Data*. Not How You Perform at an Interview; Guardian, 10 May.

Aithal, P.S. and Shubhra Jyotsna A. (2020). *Analysis of the Indian National Education Policy* 2020 toward achieving its objectives. International Journal of Management, Technology, and Social Sciences (IJMTS), *5*(2), 19-41.

Altbach, P. (2009). *The road to academic excellence*: The making of world-class research university. Open Knowledge Repository. Retrieved from https://open knowledge .org/handle/10986/2357

Becker, G. (1993), *Human Capital: A Theoretical and Empirical Analysis, with Special Reference to Education*, 3rd edn. Chicago: University of Chicago Press.

Carnoy, M. (2007). *Cuba's academic advantage:* why students in Cuba do better in school. Stanford CA: Stanford University Press.

Carole, C. (2016). Google, *democracy and truth* about internet search. Guardian: Polity Press.

Dewey, J. (2001). *Democracy and education*. A Penn State Electronic Classics Series Publication.

Dixit, R. (2017). *Indian education system is worst in the world. Retrieved from,* https://www.youtube.com/watch?v=IVNPYtISggU

Foucault, M. (1980). *Power/knowledge*: selected interviews and other writings 1972-77. Brighton: Harvester Press.

Freire, P. (1970). Pedagogy of the oppressed. The seabury Press.

Harrari, Y. N. (2018). 21 lessons for 21st century. Jonathan Cape Publication.

Hawkins, J. (2013). East-West? Tradition and development of hybrd higher education in Asia. In The dynamics of higher education development in EST Asia (pp. 51-67). Palgrave Macmillan,

Knopf, A. (2016). The Attention Merchants.

Robeyns, I. (2016). Three models of education: rights, capabilities and human capital. a journal of Theory and Research in Education. London: Sage Publication.

Salmi, J. (2009). The Challenge of Establishing Word-Class Universities. Direction in development; human development. Word Bank. https://open knowledge .worldbank.org/handle/10986/2600 License: CC BY 3.) IGO."

Sen, A. (2004). *Elements of a theory of human rights. Philosophy and Public Affairs* 32(4): 315-56.

Shin, Jung Cheol (2011b, June). The costs of world-class university: Who pays? The paper presented at 24th conference of Consortium for Higher Education Researchers.

Shin, J. C. and Harman G. (2009). *New challenges for higher education*: Asia-Pacific and global perspectives. Asia Pacific Education Review, 1091), 1-13.

Shin, J. C. and Barbara K. (2013). *The word-class university in different system and contexts*. In Institutionalization of world-class university in global competition (pp.1-13). Springer, Dordrecht.

Sidhu, R. K-C. Ho and B. Y. (2011). *Emerging education bubs: The case of Singapore. Higher Education*, 61(1), 23-40.

Unite Nations Educational, Scientific and Cultural Organization (2021). *Education 2030: A framework for action*. UNESCO Nepal.

Wallenstein, I. (2015). *The world is out of joint*. Routledge.